# झिमरुक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मच्छी, प्यूठान
५ नं.प्रदेश, नेपाल

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :-600

मिति :- २०७५/१२/२९

**बिषय :द्धन्द पिडित घाइतेको विवरण उपलव्ध गराउने सम्वन्धमा ।**

श्री सवै वडा कार्यालय
भिमरुक गाउँपालिका ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, प्यूठानको च.नं. २९८९ मिति २०७५/१२/२९ को पत्र यसै साथ संलग्न राखि पठाइएको छ । सोहि वमोजिम माग गरिएको विवरण ७ दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

हरि प्रसाद पोखेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

IMG_20190412_0001.jpg

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
प्युठान

Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np
daopyuthan2074@gmail.com
फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या : ०७५/०७६
चलानी नं : २९८९

मिति : २०७५/१२/२९

विषय : द्वन्द पिडित घाइतेको विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री स्थानीय तह सबै,
प्युठान ।

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालय बुटवलको च.नं. ८०७ मिति २०७५/१२/२९ गतेको प्राप्त पत्रमा मिति २०५२ फागुन १ देखि २०६३ मंसिर ५ सम्म भएको द्वन्द्वको कारण घाइते, अपाङ्ग र अङ्गभङ्ग भएका घाइतेको अप्रेसन गर्नुपर्ने भन्ने माग विभिन्न व्यक्तिबाट आउने गरेको, घाइतेको उपचारको माग पटक पटक उठ्ने गरेको तथा कतिपयले नियमित रुपमा औषधी खानुपरेको र कृतिम अंग प्रत्यारोपण गर्नुपर्ने भएका व्यक्तिहरुको समस्याको समाधान प्रदेश सरकारको पहलमा के कति गराउन सकिन्छ, विशेषज्ञसहितको स्वास्थ्य शिविर संचालन गरी भएपनि सम्बोधन गर्ने गरी कार्यक्रम सञ्चालनमा ल्याउने तयारी रहेकोले तहाँ जिल्लामा रहेका उपचार गर्नुपर्ने, गरिरहेका र कृतिम अङ्ग प्रत्यारोपण गर्नुपर्ने घाइते र अपाङ्गको विवरण स्थानीय तहसँग समन्यव गरी अविलम्ब उपलब्ध गराउने भनी लेखी आएकोले उल्लेखित विवरणहरु प्रमाणसहित अविलम्व यस कार्यालयमा पठाउनु हुन अनुरोध छ ।

०७५/१२/२९